जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ५५ • २०८३ साल आषाढ ३० गते मंगलबार (14 July, Tuesday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

## सशस्त्र प्रहरी र भारतीय सशस्त्र सीमा बलको संयुक्त अभ्यास

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल-भारत सीमावर्ती क्षेत्रमा हुन सक्ने बाढी तथा डुबानजन्य विपद्को व्यवस्थापनका लागि सुदृढ बनाउन सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा बलले संयुक्त विपद् व्यवस्थापन कृत्रिम अभ्यास सोमबार सम्पन्न गरेका छन् ।

पर्साको बिन्दबासिनी गाउँपालिका-४ स्थित छठघाट तथा भारतको बिहार राज्य, पूर्वी चम्पारण जिल्लाको सिसुवा ग्राम पञ्चायत-५ अन्तर्गत तिलावे खोलामा संयुक्त अभ्यास सञ्चालन गरिएको छ ।

अभ्यासमा सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म मुख्यालय अलौका सशस्त्र प्रहरी नायब उपरीक्षक गोविन्दबहादुर केसी तथा भारतीय एसएसबी ४७औँ बटालियन, जी कम्पनी सिसुवाका सहायक कमान्डेन्ट संगम सिंह रावतको नेतृत्वमा दुवै देशका सुरक्षा निकायको संयुक्त टोली सहभागी भएको थियो ।

बाढी र डुबानका कारण जोखिममा परेका नागरिकको सुरक्षित उद्धार, उद्धार कार्यमा आवश्यक समन्वय तथा विपद् प्रतिकार्य क्षमताको व्यावहारिक अभ्यास कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो । अभ्यासका क्रममा दुवै देशका विपद् व्यवस्थापन तालिमप्राप्त सुरक्षाकर्मीले बाढीमा फसेका व्यक्तिको उद्धार, सुरक्षित स्थानमा स्थानान्तरण तथा समन्वयात्मक कार्यसम्पादनको प्रदर्शन गरेका थिए ।

### खुला सीमाको चुनौती

# मधेशमा लागूऔषध ओसारपोसार बढ्दो, तस्करीको स्वरूप फेरिँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-भारत खुला सीमाको सहज आवागमनले दुई देशबीच सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्धलाई बलियो बनाएको छ । तर यही खुला सीमाको दुरुपयोग गर्दै लागूऔषध तस्करी गर्ने गिरोहहरू पनि पछिल्ला केही वर्षयता सक्रिय बन्दै गएका छन् । विशेषगरी मधेश प्रदेशसंग जोडिएका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा र सिरहा जिल्लाका सीमावर्ती नाकाहरू लागूऔषध ओसारपसारको संवेदनशील मार्गका रूपमा चिनिन थालेका छन् ।

हालै भारतको बिहार राज्यस्थित रक्सौलबाट दुई नेपालीसहित तीन जना ९.६० ग्राम ब्राउन सुगरसहित पक्राउ परेपछि फेरि एकपटक नेपाल-भारत सीमाको सुरक्षा व्यवस्थामाथि प्रश्न उठेको छ । भारतीय प्रहरीले पक्राउ परेका व्यक्तिहरू मकवानपुरबाट भारत पुगेको जनाएको छ । यस घटनाले नेपालका विभिन्न सुरक्षा जाँच चौकी पार गरेर लागूऔषध भारतीय भूमिसम्म कसरी पुग्यो भन्ने विषयमा गम्भीर बहस सुरु भएको छ ।



शुरुका वर्षहरूमा सीमापार गाँजा, चरेस तथा अफिमको तस्करी बढी हुने गरेको भए पनि पछिल्ला वर्षहरूमा ब्राउन सुगर, हेरोइन, कोकिन, नाइट्राभेट, ट्रामाडोल, स्पास्मो, डाइलेक्स डिसी, कोरेक्सजस्ता प्रतिबन्धित तथा नियन्त्रित औषधिको अवैध कारोबार उल्लेखनीय रूपमा बढेको सुरक्षा अधिकारीहरू बताउँछन् ।

नेपाललाई उत्पादनस्थलभन्दा पनि 'ट्रान्जिट रुट'का रूपमा प्रयोग गर्ने प्रवृत्ति बढेको छ । भारतबाट नेपाल र नेपाल हुँदै तेस्रो मुलुकसम्म लागूऔषध पुर्‍याउने अन्तरदेशीय गिरोह सक्रिय रहेको अनुसन्धानबाट पटक-पटक खुलेको छ ।

मधेश प्रदेशमा लागूऔषधको समस्या तस्करीमा मात्र सीमित छैन । प्रयोगकर्ताको संख्या पनि निरन्तर बढिरहेको छ । प्रहरीका अनुसार विद्यालय तथा कलेज उमेर समूहका किशोर-किशोरी र युवा लक्षित गरी लागूऔषध बिक्री वितरण हुने गरेको पाइन्छ ।

लागूऔषध ब्राउन सुगर, गाँजा, ट्याब्लेट र सिरपको प्रयोग बढ्दै जाँदा चोरी, लुटपाट, हिंसा, घरेलु विवाद तथा अन्य आपराधिक गतिविधिसमेत वृद्धि भएको सुरक्षा निकायको विश्लेषण छ ।

लागूऔषध दुर्व्यसनका कारण उपचार तथा पुनःस्थापनाको आवश्यकता पर्ने युवाको संख्या पनि बढ्दो क्रममा रहेको पुनर्स्थापना केन्द्रहरू बताउँछन् ।

लागूऔषधको बढ्दो चुनौतीलाई मध्यनजर गर्दै मधेश प्रदेश प्रहरीले पछिल्ला केही वर्षदेखि 'लागूऔषध नियन्त्रण तथा न्यूनीकरण अभियान' सञ्चालन गर्दै आएको छ ।

मधेश प्रहरीले विभिन्न अवधिमा सार्वजनिक गरेका तथ्यांकअनुसार हजारौं किलोग्राम गाँजा, ठूलो मात्रामा प्रतिबन्धित औषधि, ब्राउन सुगर, अफिम तथा अन्य लागूऔषध बरामद भएका छन् । सयौं नेपाली तथा भारतीय नागरिक पक्राउ परेका छन् भने लागूऔषध कारोबारमा संलग्न अन्तरजिल्ला तथा अन्तरदेशीय सञ्जाल पनि उजागर भएका छन् ।

भारतको बिहार राज्यअन्तर्गत पर्ने पूर्वी चम्पारण, सीतामढी, मधुबनी, सुपौल, अररिया तथा किशनगञ्ज जिल्लाका प्रहरीले पनि सीमाक्षेत्रमा विशेष निगरानी बढाएका छन् ।

पूर्वी चम्पारण प्रहरीले सार्वजनिक गरेको विवरणअनुसार एसपी सुवर्णप्रभातको नेतृत्वमा सञ्चालन गरिएको विशेष अभियानअन्तर्गत एक महिनामै ५४९ किलोग्राम गाँजा, १२ किलोग्राम अफिम, ५७ किलोग्राम डोडा (पोस्ता) तथा २० लाख ३६ हजार १२७ लिटर अवैध मदिरा बरामद गरिएको थियो ।

भारतीय सुरक्षाकर्मीले बारम्बार नेपालबाट तस्करी गरी पुर्‍याइएका लागूऔषध बरामद गरिरहँदा नेपालतर्फको सुरक्षा संयन्त्रको प्रभावकारितामाथि पनि प्रश्न उठ्दै आएको छ ।

रक्सौलमा पक्राउ परेका दुई नेपालीको घटनाले एउटा महत्वपूर्ण प्रश्न उठाएको छ । हेटौँडाबाट भारत प्रवेश गर्न पथलैया, वीरगञ्जलगायतका विभिन्न सुरक्षा जाँच चौकी पार गर्नुपर्ने हुन्छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा भन्सारको उपस्थितिका बाबजुद लागूऔषध बोकेका व्यक्ति भारतीय भूमिसम्म कसरी पुग्न सफल भए ?

नेपाल-भारतबीच करिब १ हजार ८ सय किलोमिटरभन्दा बढी खुला सीमा रहेको छ । मधेश प्रदेशसँग जोडिएको सीमाक्षेत्रमा दैनिक हजारौं मानिस आवतजावत गर्छन् ।

यही सहज आवागमनको फाइदा उठाउँदै लागूऔषध तस्करहरूले पैदल यात्रु, मोटरसाइकल, सार्वजनिक यातायात, मालवाहक सवारी, महिलादेखि बालबालिकासम्मलाई 'क्यारियर'का रूपमा प्रयोग गर्ने गरेको प्रहरी अनुसन्धानबाट खुल्दै आएको छ ।

सुरक्षा विज्ञहरू लागूऔषध नियन्त्रण केवल पक्राउ र बरामदमा सीमित हुन नहुने बताउँछन् ।

पछिल्ला वर्षहरूमा सीमा नाका हुँदै हुने लागूऔषध तस्करीका घटना निरन्तर सार्वजनिक भइरहेका बेला सुरक्षा संयन्त्रको प्रभावकारिता, सीमा निगरानी र अन्तरदेशीय समन्वयलाई थप सुदृढ बनाउनुपर्ने आवश्यकता झन् स्पष्ट देखिएको छ ।

विशेषज्ञहरूका अनुसार लागूऔषध नियन्त्रण केवल प्रहरीको जिम्मेवारी होइन । यसका लागि संघ, प्रदेश र स्थानीय सरकार, सुरक्षा निकाय, विद्यालय, अभिभावक, स्वास्थ्य संस्था, समुदाय तथा नेपाल-भारत दुवै देशका सम्बन्धित निकायबीच दीर्घकालीन र समन्वित रणनीति आवश्यक छ ।

# सञ्चारमाध्यमलाई तर्साउन शंकास्पद गाडी पार्किङ

**टुडे समाचारदाता**

जनकपुरधाम । काठमाण्डुबाट मुख्य सञ्चारगृहहरूको प्रवेशद्वारमै सोमबार बिहान एकै समयमा शंकास्पद ढंगले सवारीसाधन पार्क गरिएपछि पत्रकारिता क्षेत्र, सुरक्षा निकाय र आम नागरिकबीच गम्भीर चासो उत्पन्न भएको छ । कान्तिपुर मिडिया ग्रुप, अनलाइनखबर र हिमालयन टेलिभिजनजस्ता मुख्य सञ्चार संस्थाको गेट नै अवरुद्ध हुने गरी गाडी राखिनु सामान्य पार्किङको विषय मात्र नभइ यसको उद्देश्य र समयलाई लिएर अनेक प्रश्न उठेका छन् ।

घटनाको प्रकृति हेर्दा एउटै दिन, बिहानै, फरक-फरक सञ्चार गृहका गेटमा प्रवेश-निस्कासन अवरुद्ध हुने गरी सवारी राखिनु संयोग मात्र हो वा योजनाबद्ध गतिविधि भन्ने विषयमा अनुसन्धान आवश्यक देखिएको छ । सञ्चार संस्थाहरूले सुरक्षाको दृष्टिले तत्काल प्रहरीलाई जानकारी गराउँदा पनि गाडी हटाउने प्रक्रिया अपेक्षाकृत ढिलो भएको भन्दै उनीहरूले सुरक्षा संयन्त्रको कार्यशैलीप्रति समेत प्रश्न उठाएका छन् ।

सोमबार बिहान करिब ६ बजेतिर तीनकुनेस्थित कान्तिपुर मिडिया ग्रुपको मुख्य प्रवेशद्वार अगाडि बा प्रदेश ०१-०३४ च ८४८० नम्बरको गाडी पार्क गरिएको अवस्थामा भेटियो । गाडी यसरी राखिएको थियो कि कार्यालय प्रवेश गर्ने अन्य कुनै पनि सवारीसाधन आउजाउ गर्न नसक्ने अवस्था बनेको थियो ।

यसको केही समयपछि बुद्धनगरस्थित अनलाइनखबरको कार्यालय अगाडि पनि बा १२ च ८५४५ नम्बरको गाडी त्यही शैलीमा पार्क गरिएको सूचना सार्वजनिक भयो । यहाँ पनि कार्यालयको गेट नै छेक्ने गरी गाडी राखिएको थियो ।



त्यसैगरी मध्यबानेश्वरस्थित हिमालयन टेलिभिजनको कार्यालय प्रवेशमार्गमा बा १० च १२५५ नम्बरको अर्को गाडी राखिएको भेटियो । उता अनामनगरस्थित भाटभटेनी सुपरमार्केट अगाडि समेत सडक अवरुद्ध हुने गरी अर्को गाडी पार्क गरिएको फेला परेको छ ।

यसअघि आइतबार पनि काठमाण्डुको न्यूरोड क्षेत्रमा सडकमै गाडी पार्क गरी आवागमन प्रभावित बनाइएको घटना भएको थियो। लगातार दुई दिन सार्वजनिक स्थान र महत्वपूर्ण संस्थाका अगाडि यस्ता गतिविधि दोहोरिनुले यसलाई सामान्य ट्राफिक उल्लंघनभन्दा फरक कोणबाट हेर्नुपर्ने आवश्यकता देखिएको छ ।

एकै दिन मुख्य सञ्चार संस्थाका प्रवेशद्वारमा गाडी छाडिएपछि पत्रकारहरूबीच सूचना आदानप्रदान सुरु भएको थियो। कतै सञ्चारमाध्यमलाई नै लक्षित गरेर मनोवैज्ञानिक दबाब सिर्जना गर्ने प्रयास त होइन भन्ने आशंका पनि व्यक्त गरिएको थियो ।

सञ्चार संस्था कुनै पनि लोकतान्त्रिक व्यवस्थाको आधार स्तम्भ मानिन्छन् । त्यस्ता संस्थाको नियमित कार्यसम्पादन नै अवरुद्ध हुने गरी गरिएका गतिविधिले प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र सार्वजनिक सूचना प्रवाहमाथि प्रत्यक्ष वा अप्रत्यक्ष असर पार्न सक्छ । त्यसैले यस्ता घटनालाई केवल 'अव्यवस्थित पार्किङ' को रूपमा सीमित गरेर हेर्न पर्याप्त नहुने तर्क पनि उठ्न थालेको छ ।

यातायात व्यवस्था विभागको अभिलेखअनुसार कान्तिपुर मिडिया ग्रुप अगाडि पार्क गरिएको बा प्रदेश ०१-०३४ च ८४८० नम्बरको गाडी सानिमा बैंकको नाममा दर्ता रहेको र एसटी मोटर्सले प्रयोग गरिरहेको देखिएको छ ।

कान्तिपुर मिडिया ग्रुपका मानव संसाधन विभाग प्रमुख परमानन्द खनालका अनुसार उक्त गाडी रवि जयसवालले चलाउने गरेको खुलेको छ। उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय अनुसन्धान तथा अभिलेखीकरण विभागमा आबद्ध रहिसकेको विवरण पनि सार्वजनिक भएको छ ।

खनालका अनुसार सम्पर्क गर्दा जयसवालले आफू नगरकोटमा रहेको र गाडी साथीलाई दिएको बताएका थिए। उनले गाडी ट्राफिक प्रहरीको जिम्मा लगाउन आग्रह गरेका थिए । पछि सम्पर्क गर्ने प्रयास गर्दा उनको मोबाइल बन्द रहेको जनाइएको छ ।

अनलाइनखबर अगाडि पार्क गरिएको बा १२ च ८५४५ नम्बरको गाडी भने सुनील पौडेलको नाममा दर्ता रहेको पाइएको छ । प्रहरीले सम्पर्क गर्दा उनले गाडी भाइलाई चलाउन दिएको जानकारी दिएका थिए । पछि सुजन पौडेल नामका व्यक्तिले सञ्चारमाध्यमसँग कुरा गर्दै गाडी आफूले नै त्यहाँ राखेको स्वीकार गरेका छन् । उनले "त्यहाँ पार्किङ गर्न मन लाग्यो, त्यसैले गरेँ" भन्ने प्रतिक्रिया दिएका छन् । साथै, मिडियाले यसलाई अनावश्यक रूपमा शंकास्पद गतिविधि बनाएको दाबी पनि गरेका छन् ।

हिमालयन टेलिभिजन अगाडि भेटिएको बा १० च १२५५ नम्बरको गाडी डिआर अटोमोटिभ्स, धुम्बाराहीको नाममा दर्ता रहेको खुलेको छ । भाटभटेनी अगाडिको गाडीको स्वामित्व भने समाचार तयार पार्दासम्म सार्वजनिक भएको थिएन ।


जिल्ला प्रहरी परिसर काठमाण्डुका एसपी पवनकुमार भट्टराईका अनुसार सूचना प्राप्त हुनासाथ प्रहरी टोली परिचालन गरिएको थियो । उनका अनुसार गाडी हटाउनुअघि सुरक्षाको दृष्टिले प्रत्येक सवारीमा विस्फोटक पदार्थ वा अन्य शंकास्पद सामग्री छ कि छैन भन्ने विस्तृत परीक्षण गरिएको थियो ।

प्रहरीका अनुसार कुनै पनि विस्फोटक वस्तु फेला नपरेपछि मात्र क्रेनमार्फत ती गाडीहरू हटाएर ट्राफिक प्रहरी कार्यालय पठाइएको हो । थप अनुसन्धान तथा कानुनी कारबाही ट्राफिक प्रहरीले अघि बढाउने जनाएको छ ।

यद्यपि सञ्चार संस्थाहरूले भने बिहानै सूचना दिँदा पनि गाडी हटाउन अपेक्षाकृत लामो समय लागेको भन्दै सुरक्षाको प्रभावकारितामाथि प्रश्न उठाएका छन् ।

घटनापछि राष्ट्रिय स्वतन्त्र पार्टीका निवर्तमान केन्द्रीय सदस्य मधुसुदन ढकालले सामाजिक सञ्जालमार्फत यसलाई 'अव्यवस्थित पार्किङले कस्तो समस्या उत्पन्न हुन्छ भन्ने सांकेतिक सन्देश' हुन सक्ने टिप्पणी गरेका छन् ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# बजेटको जटिलता कायमै

मधेश प्रदेशको आगामी आर्थिक वर्षको बजेटको कार्यान्वयनमा देखिएको जटिलता कायमै रहेको छ । प्रदेश सभामा सर्वदलीय बैठकले कार्यदल गठन गरेपछि बजेटमाथिको छलफल प्रक्रिया अगाडि बढेको छ । तर बजेट कार्यान्वयनको जटिलता यथावत नै छ । कार्यदलले बजेटलाई सहज बनाउन सुझाव दिन कयौँ हप्ता लाग्ने छ । तर साउन १ गतेदेखि नै बजेट कार्यान्वयन हुनेछ । त्यसका लागि प्रदेश सभाबाट असार ३२ गते भित्र बजेट पारित गरिनेछ । सरकारसित पर्याप्त बहुमत रहेकोले बजेट पारित गर्न समस्या आउने छैन । प्रदेश सभामा दलहरुबीच सहमति भएर कार्यदल गठन गरिएपछि बजेट पारित हुन झन सहज भएको छ । बजेटमा मुख्यमन्त्रीले आफ्नो गृह जिल्ला रौतहटमा डेढ अर्ब बजेट राखेका छन् । अन्य मन्त्रीहरुको निर्वाचन क्षेत्र र पार्टीका नेताको निर्वाचन क्षेत्रमा बजेट खन्याइएको छ । अन्य जिल्ला र क्षेत्रहरुमा बजेट कनिका छरिए जस्तै छ । बजेटमा फरक फरक प्रकृतिका योजनाहरुलाई एउटैमा समावेश गरिएकोले त्यसको कार्यान्वयनमा समस्या छ । क्षेत्र र जिल्लान्तर बजेटको शीर्षक पर्याप्त छ । बजेटमा व्यापक गडबडी रहेको छ । बजेटले प्रदेशलाई के दिन चाहेको त्यो स्पष्ट छैन । हुन त बजेट बन्ने बेला नै ३ प्रतिशत अग्रीम कमिसन बुझाएर विचौलियाहरुले शीर्षक राख्न लगाएका थिए । मधेश प्रदेशमा अर्थमन्त्रीले औपचारिक रुपमा प्रदेश सभामा बजेट प्रस्तुत गरे पनि यथार्थमा बजेटको विकास तर्फको रकम र शीर्षक विचौलियाहरुको चाहना अनुसार राखिन्छ । सतीश कुमार सिंह मुख्यमन्त्री रहेको बेलादेखि नै बजेटमा विचौलियाहरुको सहज पहुँच भएको थियो । त्यो निरन्तर रुपमा चलिरहेको छ । विचौलियालाई हटाउन सरकारले पटक पटक प्रतिवद्धता व्यक्त गरे पनि त्यो लागु भएको छैन । मधेश प्रदेश सरकारको दोस्रो कार्यकाल पुराना ठूला तीन दलका नेताहरुको कमाइखाने भाँडो बनेको छ । प्रदेशका वासिन्दाहरुको कुनै पीरमर्कामा सरकारको उपस्थिति देखिएको छैन । विगतमा प्रदेशका वासिन्दालाई कुनै संकटको बेला तत्कालीन मुख्यमन्त्री लालबाबु राउत र सरोज कुमार यादव पुग्ने गरेका थिए । उनीहरु दुबै जना जनता समाजवादी पार्टी(जसपा) नेपालको तर्फबाट मुख्यमन्त्री बनेका थिए । मधेश प्रदेशमा पछिल्लो चार जना मुख्यमन्त्रीहरु मध्ये सतीश कुमार सिंह झण्डै डेढ वर्ष र कृष्णप्रसाद यादव ६ महिना बढीदेखि मुख्यमन्त्री रहेका छन् । एमालेका सरोज कुमार यादव र तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालका जितेन्द्र सोनलले एक/एक महिना मात्र मुख्यमन्त्री रहे । वर्तमान मुख्यमन्त्रीलाई पर्याप्त बहुमत रहे पनि प्रदेशको विकासमा ठोस योगदान दिन सकेको छैन । उनको सरकारले ल्याएको बजेट विवादमा परेको छ । कुनै योजना र कार्यक्रम ऐतिहासिक महत्वको छैन ।

# बालेनको शासनकालमा गरिबको चमेलीको पक्षमा कसैलाई पनि बोल्न दिइने छैन



● डा. केदार कार्की

नेपालमा प्रधानमन्त्री बालेन्द्र "बालेन" शाहको वरिपरि गहिरो राजनीतिक विडम्बना छ। आफ्नो राजनीतिक करियर अघि, बालेनले आफ्ना र्‍याप गीतहरूमा प्रतिष्ठित क्रान्तिकारी गीत "गरिबाको चमेली" (जसको अर्थ होः "गरिबको लागि बोल्ने कोही छैन" वा "गरिबको चमेली") बाट अलग्गै प्रयोग गर्थे।

दुःखद विरोधाभास यो हो कि, काठमाडौँको मेयर र पछि प्रधानमन्त्री दुवैको रूपमा सत्ता सम्हालेपछि, बालेनको नगरपालिका नीतिहरूले शहरी गरिबहरूलाई अत्यधिक लक्षित गरे। उनको प्रशासनले कडा कारबाही सुरु गर्‍यो, कमजोर सडक विक्रेताहरूलाई खाली गर्‍यो र अनौपचारिक बस्तीहरू बुलडोजर गर्‍यो। फलस्वरूप, आलोचकहरू र नागरिक कार्यकर्ताहरूले उनीमाथि चमेलीका गीतहरू फ्याँक्न थाले, तर्क गर्दै कि उनले बनाएको प्रतिष्ठानमा सीमान्तकृतहरूको लागि बोल्ने वा संरक्षण गर्ने कुनै ठाउँ छैन।

सरकारले जनतालाई शासनप्रति राम्रो महसुस गराउन पचासौं काम गर्न सक्थ्यो। तर बालेनले आफ्नो अस्तित्व प्रदर्शन गर्न गरिब र भूमिहीन सुकुम्बाशी घर र टहरा भत्काएर जबरजस्ती विस्थापन गर्ने छनौट गरे ।वर्षौंदेखि काठमाडौंका विभिन्न नदी किनारमा रहेका झुपडीमा बस्दै आएका भूमिहीनहरूलाई धपाउनुअघि बालेनले उनीहरूलाई बोल्न वा आफ्नो मन खोल्न दिएनन्। बरु, उनले केही सय भूमिहीनहरूलाई एक हजारभन्दा बढी सुरक्षाकर्मीहरूले घेरेर उनीहरूको लुगा, जीवन र घर मात्र होइन, उनीहरूको मन र मर्यादा पनि खोसे।

'म राज्य हुँ' फ्रान्सका राजा लुइस चौधौंको यो प्रसिद्ध भनाइ प्रायः सुन्न र पढ्न पाइन्छ। आफ्नो र्‍यापमा गाउने बालेन, 'सरकारलाई बोल्न देऊ, यो अपराध होइन, सरकारले आफ्नो मन खोल्न देऊ' ले सत्तामा आएको एक महिनाभन्दा कम समयमा कसैलाई बोल्न वा आफ्नो मन खोल्न नदिएर आफ्नो कथित सुशासनको झलक देखाएका छन्। सरकारले गर्न सक्ने पचासौं काम भनेको जनतालाई सुशासनको अनुभूति गराउनु हो। तर बालेनले गरिब भूमिहीनहरूको विद्रोह गरेर आफ्नो अस्तित्व प्रदर्शन गर्ने छनौट गरे।

वर्षौंदेखि काठमाडौँका विभिन्न नदी किनारमा झुपडीमा बस्दै आएका भूमिहीनहरूलाई धपाउनुअघि, बालेनले उनीहरूलाई बोल्न वा आफ्नो मन खोल्न दिएनन्। बरु, उनले केही सय भूमिहीनहरूलाई एक हजारभन्दा बढी सुरक्षाकर्मीहरूले घेरे र उनीहरूको लुगा, जीवन र घर मात्र लुटेनन्, उनीहरूको मन र मर्यादा पनि लुटे। उनले उनीहरूलाई आफ्ना सुरक्षाकर्मीहरूसँग दौडाउन लगाए र जब उनीहरू उठे, माटोको बोरा बोकेर शहरको कुनै कुनामा लगेर फ्याँक्नुभन्दा पनि असंवेदनशील तरिकाले ढुवानी गरे। न त उनले भूमिहीनका नेताहरूसँग परामर्श गरे, न त यस विषयमा विद्वानहरूसँग परामर्श गरे।

यतिसम्म कि अघिल्लो दिन पनि उनको आफ्नै सरकारका मन्त्रीहरूले सुकुम्बासीहरूलाई खाली गर्ने सम्बन्धमा मन्त्रिपरिषद्मा कुनै निर्णय नभएको भन्दै थिए। लुइस चौधौंको शैलीमा, बालेनले यो मुद्दा संसद र मन्त्रिपरिषद्मा पनि ल्याएनन्, जसमा उनको आफ्नै पार्टीको स्पष्ट बहुमत थियो, तर सीधै सुरक्षा प्रमुखहरूलाई आदेश दिए।

आफ्नै देशको शहरको कुनालाई आफ्नो घर बनाएका मानिसहरूको घर क्रूरतापूर्वक भत्काइयो, तिनीहरूको गाईवस्तु त्यागियो, र मानिसहरूलाई नै शहरको अर्को कुनामा घिसार्दै लगियो। उनीहरूलाई शहरको खेल मैदानमा लगियो ताकि तिनीहरू 'साँचो' सुकुम्बासी हुन् कि होइनन् भनेर हेर्नको लागि उनीहरूको टाउकोमा 'स्वस्तिक' छाप लगाइयो।

नेपालको बहुसंख्यक मध्यम वर्गीय जनसंख्या, जो आफैं यो अत्यन्तै गरिब देशमा सरकारले सुनिश्चित गर्नुपर्ने कुनै आधारभूत सुविधा र सुरक्षा बिना आफ्नो र आफ्नो परिवारको लागि जीविकोपार्जन गर्न संघर्ष गरिरहेका छन्, उनीहरू यो भ्रममा छन् कि बालेन एक दिमागमा आउने पहिलो कुरा गरिबहरू हुन्। करोडौं मूल्यका कारहरू पार्क गर्ने र सडक अवरुद्ध गर्नेहरू नगरपालिकाको निशानामा पर्दैनन्, आफ्नो परिवारलाई सहयोग गर्न गाडामा सामान बेच्ने गरिबहरू तुरुन्तै यसको अन्तर्गत पर्छन्। 'स्मार्ट शहर' को उज्ज्वल काल्पनिक तस्वीरमा, गरिबहरूलाई पहिले 'स्पट' को रूपमा हेरिन्छ। ठूलो पूँजीको शोषण र सानो पूँजीको शोषण गर्ने पुँजीवादको क्रूर अनुहारले यहाँ आफ्नो उपस्थिति देखाउँछ। यसको एउटा आयाम भूमिहीनहरूको विद्रोह हो।

आफ्नो इच्छा र चाहना अनुसार जग्गा किन्न सक्ने तर राज्यले अन्य कुरामा ठगेको वर्गले आफूभन्दा बढी ठगिएको र वञ्चित वर्गप्रति देखाएको क्रूरता र अहंकारको अभिलेख राख्न सकिन्छ, तर शासकहरूले सबै नागरिकहरूलाई जिम्मेवारी र जवाफदेहिताका साथ समान व्यवहार गर्नुपर्छ।

सरकारले निर्माण गरेको बाढीग्रस्त होल्डिङ सेन्टरमा, मानिसहरू हाल प्लास्टिकको प्लेट र प्लास्टिकको चम्चा लगायत प्लास्टिकमा बेरिएको आधा खाएको खानामा बाँचिरहेका छन्। उनीहरू बिहान र बेलुका आफ्ना परिवारका सदस्यहरूलाई भेट्ने, आफ्नै भान्साकोठामा बस्ने र परिवारले बाँडेका भाँडाकुँडा खाने न्यानो दैनिक जीवनबाट वञ्चित छन्। उनीहरूलाई थाहा छैन कि उनीहरू जस्ता बहुसंख्यक मानिसहरू भूमिहीन भएको देशमा भूमिहीन भएर उनीहरूले के अपराध गरेका छन्। सुकुम्बासी बस्तीमा बस्न बाध्य भएपछि उनीहरूले भोगेको मानसिक आघातलाई सम्बोधन गर्न राज्यसँग हाल कुनै योजना वा राहत कार्यक्रम छैन। दुवै तर्फबाट सरकारी सैनिकहरूले घिसार्दै गर्दा चिच्याइरहेका र रोइरहेका बालबालिकाहरूको चिच्याहट सुन्न सरकारसँग सुन्ने क्षमता छैन।




*Ai Generated Image*

मात्र 'मुक्तिदाता' हुन् जसले यो अवस्थालाई पार गर्न सक्छन् ।

अर्कोतर्फ, विदेशमा बस्ने नेपालीहरूको एउटा समूह छ, जसले चुनाव अघि आरएसपी र विशेष गरी बालेनको प्रशंसा गरिरहे, जसको विदेशमा जीविकोपार्जनको संघर्ष धेरै कठिन छ, उनीहरूको हैसियत 'दोस्रो दर्जाका नागरिक' अर्थात् आप्रवासीको छ, र उनीहरू दिनरात डरलाग्दो मानसिकताका साथ बाँचिरहेका छन्, त्यहाँका तानाशाह र रंगभेदी शासकहरूले कहिले 'आफ्नो देश खाली गर्न' आदेश दिनेछन् भनेर सोचिरहेका छन्।नेपाली समाजको ठूलो हिस्सा कसरी आफ्नो देश र राज्यलाई धोका दिने मानिसहरूप्रति यति क्रूर भएको छ भन्ने बारेमा छुट्टै मनोवैज्ञानिक वा समाजशास्त्रीय अध्ययन गर्न सकिन्छ।

ठूला घरहरूमा बस्ने मानिसहरूलाई नदीमा फोहोरको झोला नफाल्न भन्नु नगरपालिकाको कर्तव्य होइन, नदीको दश मिटर भित्र जग्गा किन्नु वा बेच्नु नगरपालिकाको जिम्मेवारी होइन, शहरका सडकहरूमा स्वदेशी फूल र फलफूलका रूखहरू रोप्नु आवश्यक छैन, र नदी किनार र मानव बस्ती नजिकै डम्पिङ साइटहरू निर्माण नगर्ने न्यूनतम मानवता देखाउनु पनि आवश्यक छैन।

तर जब स्मार्ट शहरहरूको विषय आउँछ, आम जनताले उनीहरूलाई यो गर्न मतदान गरेर राजनीतिक शक्ति दिएका छन्। शासकहरूले बुझ्नुपर्छ कि सार्वजनिक जग्गा, अर्थात् जग्गा, त्यसबेलादेखि नै अस्तित्वमा थियो जबदेखि उनीहरू जस्ता शासकहरू अस्तित्वमा आएका थिएनन्।

उनीहरूले जमिनको सीमा तपाईंको र मेरो भनेर परिभाषित गरेका थिएनन्। उनीहरूले यसलाई अन्ना, पैसा, दाम, रोपनी, कट्ठा र बिघामा विभाजन गरेका थिएनन्। शासकले यो स्वीकार गर्न सक्दैन कि यस देशमा ठूलो संख्यामा भूमिहीन नागरिकहरू छन् जसले शासकले छुट्याएको पैसा, पैसा र करले एक सेन्टिमिटर पनि जग्गा किन्न सक्दैनन्। जग्गामाथिको उनीहरूको अधिकार खोस्नु कसरी न्यायपूर्ण व्यवस्था हुन सक्छ? यी प्रश्नहरूको उत्तर नभेटेर शासक खुसी हुन सक्दैन।

राज्य नागरिकहरूको संरक्षक हुनुपर्छ, चाहे तिनीहरू पैसा तिरेर सीमाङ्कन गरिएको जग्गा किन्न सक्ने नागरिक हुन् वा होइनन्। किन्न नसक्ने नागरिकहरू राज्यको विशेष संरक्षणमा हुनुपर्छ। तर हाम्रो देशमा प्रचलित प्रणालीको क्रूर प्रकृति यस्तो छ कि देशका शहरहरूमा गरिबहरूका लागि बस्नको लागि ठाउँ पनि छैन, सार्वजनिक चोकहरूमा बार लगाइन्छ र 'पार्क' बनाइन्छ र ती पार्कहरू धनीहरूलाई मात्र उपलब्ध हुन्छन् जसले शुल्क तिर्न सक्छन्।

लोकतान्त्रिक गणतन्त्र भनेको सबै नागरिकहरू समान छन् भनी सुनिश्चित गर्न ल्याइएका प्रणाली हो। यसमा धेरै मानिसहरूको रगत बगेको छ, धेरै वर्ष संघर्ष र बलिदान भएको छ। धेरै परिवारहरूले आजको प्रणाली ल्याउनको लागि गहिरो भावनात्मक, आर्थिक र मनोसामाजिक आघातहरू भोगेका छन् जुन उनीहरूको सम्पूर्ण जीवनमा निको हुनेछैन।यही व्यवस्थाका कारण आज बालेन र उनका साथीहरूको समूह देशको सत्तामा बसेका छन्, जसले यस समयमा देशको शासन प्रणालीलाई धेरै हल्का रूपमा लिइरहेका छन्।

जनतालाई अपमानित र दुःख दिने कुनै पनि शासकको इतिहास छैन। लोकतन्त्र प्राप्तिका लागि वर्षौंदेखि संघर्ष गर्दै आएको भए पनि, नेपालका पुराना दलहरूको पछिल्लो छ महिनाको अवस्था हाम्रो लागि पर्याप्त छ। कुनै पनि युगको कुनै पनि शासक यसको अपवाद हुन सक्दैन ।

विश्वभरि, आजसम्म, जब मानिसहरूलाई आफ्नो झुपडीबाट घिसारेर बन्दुकको नाकमा मुठ्ठीभर माटोको भाँडा लिएर नाङ्गो घुमाउन लगाइएको थियो, विद्रोहमा उठेका छन्, शासकहरूले आफ्नो टाउको लुकाउने ठाउँ नपाएको इतिहास छ। जब उत्पीडितहरूको टाउको एक दिन झट्काले उठ्छ, विश्वका ठूला तानाशाहहरूको साम्राज्य पतन हुन्छ।

# जनकपुरको सिन्धुली र विराटनगरको कोशी होटल



● रामरिझन यादव

पहाडी र मधेशी समुदायबीच साँस्कृतिक भिन्नताहरुमध्ये भोजनको स्वाद र परिकारमा भेटिने अन्तर पनि एक हो । आज त्यही विषयको चर्चा गर्न जमर्को गरेको छु । जो जीवन बाँच्ने महत्वपूर्ण साधन हो । आधार हो । र, हो जीवनको सबैभन्दा महत्वपूर्ण विषय । किनकि, यसको महत्तालाई जसले आत्मसात गरे उसलेमात्र औसत आयु काट्न सके । जसले बुझेनन् उसले असामयिक मृत्युवरण गर्नु पर्‍यो । यसको यो अर्थ कदापि होइन कि मधेशी समुदायको भोजन संस्कृति पहाडी समुदायभन्दा केही हदसम्म अवैज्ञानिक भए पनि उसको बाँच्ने आयुमा कमी आएको हो । सुनसरी खनारका बीरनारायण माझी मधेशी नै थिए, जो विश्वमा सबैभन्दा बढी बाँचेर मरे । अहिले पनि मेरा गाउका मेरा ज्ञानचन्द हजुरबुबा सय वर्ष काटे पनि खेतमा काम गर्न जान्छन् । डा. गौरीशंकर लाल शताब्दी पुरुषको रुपमा चर्चित अनुहार हुन् । तर, यति हुँदा हुँदै पनि वास्तबिकता के हो भने भौगोलिक अवस्था, विरासतबाट पाएको परम्परा र संस्कार तथा उपलब्धताको सिद्धान्तमा बाँचेका मधेशी समुदायले भोजन संस्कृतिमा आफ्नो व्यवहार परिवर्तन गर्न सकेनन् भने यसले कालान्तरमा प्रत्युत्पादक सिद्ध हुने खतरा छ । अहिले नै त्यसको केही बछिटाहरु दृष्टिगोचर हुन थालेका छन् । होइन भने विराटनगर र जनकपुरकको गल्लीमा रहेको सानो होटलको मालिक केही वर्षमा नै शहरको सबैभन्दा महगो इलाकामा घर ठड्याउन सक्ने थिएनन् । कतिसम्म भने होटल संचालन गरेको केही वर्षमा नै काठमाडौंजस्तो महँगो ठाउँमा जग्गा किन्न सक्ने थिएनन् । छोराछोरीलाई विराटनगर र जनकपुरको सबैभन्दा उत्कृष्ट शिक्षण संस्थामा शिक्षा दिन सक्ने थिएनन् ।

**माधवको अर्ति जाधवको स्वीकारोक्ति :**

धेरै वर्षपछि अस्ति श्रीमान र श्रीमतिको विराटनगरीय होटलमा भोजन गर्ने इच्छा जागृत भयो । ट्रफिक चोकमा भौंतारिँदै थिएँ । मित्र माधवमाथि आँखा पर्‍यो । वैवाहिक कालदेखि नै मेरो श्रीमतिसंग साइनो गाँसेको माधवजीलाई भेट्न उपयुक्त ठाने । भलाकुसारी भयो । भोजनको लागि भौंतारिहेको भन्न वित्तिकै ह्वातै उनले कोशी होटलको नाम सुझाए । कोशी शब्द त यो भेकको लागि कुनै नोलो होइन । प्रदेशको नाम कोशी । अस्पतालको नाम कोशी । विद्यालयको नाम कोशी ! हिजोसम्म अंचलको नाम पनि कोशी नै थियो । जता गए कोशी नै कोशी ! कहाँ खोज्ने कोशी होटल भनेपछि उनले कृषि विकास वैंकको उत्तरतिर जाने गल्लीमा रहेको बताए । हामी गयौं । खायौं । तर, जुन स्वाद मैले त्यहाँ पाएँ त्यो ठ्याकै जनकपुर उपमहानगरपालिकाको कार्यपालिकाको कार्यालयको मुखमै रहेको सिन्धुली होटलको स्वाद रहेछ । भूपूमंत्री गिरिराजमणि पोखरेलको बरगाछीस्थित घरको स्वाद रहेछ । र, रहेछ मेरो ससुराली गौरादहस्थित जाम्बारी घरको स्वाद ! कोशी होटलका मालिक गोपाल कार्कीको पुर्खा त तराई झरेको ६ दशकभन्दा बढी भैसक्यो । तर, ताप्लेजुङ्गेस्वाद उनको भोजनको परिकारमा अद्याबधि कायम छ । यही हो विरासत, जसलाई संस्कृति भनिन्छ । अर्थात् पहिचानको वाहक । गोपाल कार्की र निशा कार्कीले आफ्नो यही पहिचानलाई आधार बनाएर विराटनगरको मुटु महेन्द्र चोक इलाकामा करोडौको बिल्डींग ठड्याइसकेका छन् । किनकि, उनको व्यवहारमामात्र होइन, अपितु स्वदमा पनि भोजन सदाशयता परिलक्षित हुन्छ । दृष्टिगोचर हुन्छ ।

भनिन्छ व्यापारमा नठगे चल्दैन रे ! बैक्रप्ट हुन्छ । जसले




*Ai Generated Image*

ठगे उसको दिन दुई गुणा रात चौगुणा दरले श्रबृद्धि भयो । तर, निशा र गोपालले मात्र होइन, जनकपुर उपमहानगरपालिकको गेटमा नै रहेको सिन्धुली होटलका मालिक ऋषि पोखरेल र रीना पोखरेलले पनि ठगेको मैले पाइन । ऋषि र रिनाको मेहनत हेरेर लाग्थ्यो उनीहरु खास उद्येश्यका लागि जनकपुर झरेका हुन । हिजोसम्म जगजगी रहेको पहाडी समुदायको आज सुकेको मैलेमात्र होइन जनकपुरवासी पनि महसूस गर्छन । छद्मभेषी अलगाववादी मोर्चाहरुको डरले जसरी पहाडी समुदाय जनकपुरबाट भागे त्यसको असर भने पोखरेल दम्पतिमाथि परेन । उनी निरन्तर आफ्नो व्यवसायमा लागिरहेको देखियो । फलस्वरुप जुन उद्येश्यका लागि उनीहरु जनकपुर छिरेका थिए त्यसलाई फत्ते पार्दै सिन्धुली फर्केका छन् । होटल बेचेका छन् । तर, कोशी र सिन्धुली होटलको स्वाद, परिकारमा कही कतै कुनै फरक नभए पनि मूल्यमा भने धेरै फरक छ । विराटनगरभन्दा जनकपुर महगो शहर भएकोले भोजनको भाउ पनि उही अनुसार बृद्धि भएको देखिन्छ ।

विराटनगरजस्तो शहरमा सवा सयमा सादा र डेढ सयमा मासु भात पाउनु आफैमा उदेकलाग्दो कुरा हो । योभन्दा सस्तो खाना शायदै कतै नेपालमा पाइएला । तर पनि उनीहरुलाई पोसाएको छ भने अतिथि सदनजस्तो विराटनगरको सबैभन्दा ठूलो परोपकारी संस्थालाई भने पोसाएको छैन । ढाँड भाँच्नेगरी उसले चिल्लो पिडो सादा खाना खुवाएर दुई सय रुपैया तिर्न लगाउछन् । पहाडका आगुन्तुकको लागि त्यो झालापखालाको संकेत हो । त्यसैले भारतीय संस्कृतिबाट प्रभावित मधेशी समुदायले त्यसलाई सेवन गरेपनि पहाडी आगन्तुक होटलमा पस्नसम्म हिम्मत गर्दैनन् । विराटनगरको कोशी र जनकपुरको सिन्धुली होटल यस अर्थमा अपवाद हो । सवर्था भिन्न हो । यही हो पहाडी र मधेशीबीचको भोजन भिन्नता ! साँस्कृतिक असामिप्यता !

**अभावमा सिर्जित संस्कृति :**

यसमा कुनै दुई मत छैन कि संस्कृतिको निर्माणमा उपलब्धताको सिद्धान्तले ठूलो भूमिका खेलेको हुन्छ । २००७ सालभन्दा पहिले तराईमधेशमा १ प्रतिशत पनि पहाडी समुदाय थिएन । पहाडमा बस्नै पर्ने बाध्यता थियो । त्यो बाध्यताले जुन संस्कृति निर्माण गर्‍यो त्यसैलाई हामी पहाडी संस्कृति भन्छौ । पहाडमा नून, तेल र मशालाको कुनै उद्योग थिएन । कतिसम्म भने कतिपयलाई भात पनि खाएको महिनौ वित्थ्यो । तलबाट बडो मुश्किलले बस्तुभाउ बोकेर भरियाहरु उकालो चढ्थे । जसको अकाशे भाउ हुन्थ्यो । एकातिर गरिवी अर्कोतिर चर्को दररेटको कारण खानेबस्तुमा नून तेल र मशाला न्यूनिकरण गर्ने संस्कृतिको स्वस्फूर्त रुपमा विकास हुन गयो । फलस्वरुप पहाडी समुदायमा चिल्लोपिडो खाने आदत लागेन । मधेशी समुदायमा सागजस्तो सबैभन्दा पौष्टिक परिकारको हेला गर्ने संस्कृतिलाई पहाडी समुदायले भोजनको अभिन्न अंग बनायो । फालाफाल भएको नून तेल र मशाला भएको जनजीवनमा बाँचेको मधेशी समुदायमा त्यही किसिमको संस्कृतिले रुप धारण गर्‍यो । हुँदाहुँदै यस्तो विकृत रुप धारण गर्‍यो कि अत्यधिक नून, तेल र मशाला प्रयोग नभएको भोजलाई मधेशीले राम्रो र स्वादिलो भन्नै छाड्यो । चाहे खाइसकेपछि जतिसुकै पखाला किन न लागोस् ।

**निष्कर्ष :**

यसप्रकार जब वर्षौवर्षको अभ्यास पश्चात् कुनै संस्कृतिले स्थायी रुप ग्रहण गर्दछन् त्यतिबेला त्यो उसको जीवन दर्शन बन्दछन् । उ कुनै पनि हालतमा त्यसलाई छोड्न चाहदैन । विराटनगरका कोशी होटलका मालिक गोपाल कार्की र निशा कार्की तथा जनकपुरको सिन्धुली होटलका ऋषि पोखरेल र रिना पोखरेल त्यसैको बिम्बात्मक प्रतिक हो ।

# प्रधानमन्त्री शाहद्वारा 'बर्न' उपचार केन्द्र विस्तार गर्न निर्देशन




काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहले सातै प्रदेशमा सुविधासम्पन्न 'बर्न' उपचार केन्द्र स्थापनाको योजना तत्काल अघि बढाउन निर्देशन दिनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिहरूसँगको छलफलका क्रममा उहाँले प्रमुख सरकारी अस्पतालमा बर्न वार्ड सुदृढीकरणका लागि पनि आवश्यक योजना अघि बढाउन निर्देशन दिनुभएको हो।

प्रधानमन्त्री शाहले गम्भीर प्रकृतिका जलनका बिरामीले समयमै गुणस्तरीय उपचार पाउने व्यवस्था सुनिश्चित गर्न सङ्घ, प्रदेश र सम्बन्धित स्वास्थ्य संस्थाबीच आवश्यक प्रभावकारी समन्वय गर्न सुझाव दिनुभयो।

उहाँले गुणस्तरीय, प्रभावकारी तथा नागरिकमैत्री स्वास्थ्य सेवा सरकारको उच्च प्राथमिकतामा रहेको उल्लेख गर्दै अस्पतालमा सरसफाइ, सेवा प्रवाहमा सुधार, 'डिजिटल' प्रविधिको प्रयोग र सुशासनको प्रभावकारी कार्यान्वयन गर्न पनि ध्यानाकर्षण गराउनुभयो।

प्रधानमन्त्री शाहले विपन्न, असहाय तथा आर्थिक रूपमा कमजोर नागरिकको स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न निजी अस्पतालले बहिरङ्ग (ओपिडी) सेवाको कम्तीमा १० प्रतिशत सेवा सहुलियतपूर्ण रूपमा उपलब्ध गराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न निर्देशन दिनुभयो।

एउटा स्वास्थ्य संस्थाले विकास गरेका उत्कृष्ट र असल अभ्यासलाई अन्य संस्थाले पनि साझेदारी र सिकाइका माध्यम बनाउन सुझाव दिँदै उहाँले प्रतिष्ठानका नाममा रहेको जग्गा अतिक्रमणको विषय सम्बन्धित निकायसँग समन्वय गरी कानुनबमोजिम समाधानका लागि पहल गरिने बताउनुभयो।

छलफलका क्रममा उपकुलपतिहरूले चिकित्सा शिक्षाको गुणस्तर अभिवृद्धि, स्वास्थ्य सेवा प्रवाहमा सुधार, अस्पतालको सरसफाइ, विशेषज्ञ स्वास्थ्य सेवा विस्तार, दक्ष स्वास्थ्य जनशक्ति व्यवस्थापन, अनुसन्धान प्रवर्द्धन र पूर्वाधार विकाससम्बन्धी सुझाव प्रस्तुत गर्नुभयो।

उहाँहरुले स्वास्थ्य सेवामा 'डिजिटल' रूपान्तरण, अस्पताल सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन तथा केही प्रतिष्ठानका नाममा रहेको जग्गा अतिक्रमणका कारण संस्थागत विकासमा परेको प्रभावबारे प्रधानमन्त्रीसमक्ष जानकारी गराउनुभयो।

त्यस अवसरमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा नवीसमान सिंह प्रधान, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा अजयकुमार मिश्र, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा नारायणसिंह गुरुङ, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका उपकुलपति डा स्मृति काफ्ले तथा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका उपकुलपति विवेक आचार्य सहभागी हुनुहुन्थ्यो। रासस

# धार्मिक आस्थादेखि पर्यटन समृद्धितर्फ उन्मुख ऐतिहासिक नगरी जनकपुरधाम

**प्रत्येक वर्ष लाखौं स्वदेशी तथा विदेशी श्रद्धालु तथा पर्यटकको आगमनले जनकपुरधामलाई नेपालको धार्मिक पर्यटनको प्रमुख केन्द्रका रूपमा स्थापित गरिरहेको छ ।**

महेन्द्रनगर। मिथिलाको ऐतिहासिक राजधानी तथा माता सीताको जन्मभूमिका रुपमा विश्वभर परिचित जनकपुरधामले पछिल्ला वर्षमा धार्मिक आस्थाको केन्द्रबाट पर्यटन, संस्कृति, व्यापार र स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधारका रुपमा आफ्नो पहिचान विस्तार गर्दै गएको छ।




प्रत्येक वर्ष लाखौँ स्वदेशी तथा विदेशी श्रद्धालु तथा पर्यटकको आगमनले जनकपुरधामलाई नेपालको धार्मिक पर्यटनको प्रमुख केन्द्रका रूपमा स्थापित गरिरहेको छ।

जानकी मन्दिर, राम मन्दिर, विवाह मण्डप, धनुषसागर, गङ्गासागर, विभिन्न प्राचीन मठ-मन्दिर, मिथिला कला, परम्परागत संस्कृति र धार्मिक उत्सवहरूले जनकपुरधामको पहिचानलाई अन्तरराष्ट्रिय स्तरमा पुऱ्याएका छन्। विशेषगरी भारतसँगको सांस्कृतिक सम्बन्ध, राम-जानकी विवाह परम्परा र विवाहपञ्चमी महोत्सवले धार्मिक पर्यटनलाई थप जीवन्त बनाएको छ।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव जनकपुरधाम धार्मिक आस्थाको केन्द्र मात्र नभई प्रदेशको आर्थिक विकासको प्रमुख आधार बन्न सक्ने बताउनुहुन्छ। धार्मिक पर्यटनलाई रोजगारी, लगानी र स्थानीय उत्पादनसँग जोडेर अघि बढाउने प्रदेश सरकारको नीति रहेको उहाँको भनाइ छ।

पर्यटन पूर्वाधार विस्तार, सडक सुधार, सरसफाइ, सुरक्षा तथा पर्यटकमैत्री वातावरण निर्माणमा प्रदेश सरकारले प्राथमिकता दिएको उहाँले उल्लेख गर्नुभयो। जनकपुरधामलाई अन्तरराष्ट्रिय धार्मिक पर्यटन गन्तव्यका रुपमा विकास गर्न मन्त्रालयले दीर्घकालीन योजना कार्यान्वयन गरिरहेको उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिष पटेल बताउनुहुन्छ। जनकपुर-अयोध्या धार्मिक सर्किट, निजी क्षेत्रसँगको सहकार्य, पर्यटन पूर्वाधार विस्तार तथा मिथिला संस्कृतिको अन्तरराष्ट्रिय प्रवर्द्धन सरकारको प्राथमिकतामा रहेको उहाँले जानकारी दिनुभयो।

हिन्दू धर्मावलम्बीको प्रमुख तीर्थस्थलका रुपमा रहेको यस मन्दिरमा दैनिक हजारौँ श्रद्धालुले दर्शन गर्ने गरेका छन्। दैनिक हुने गङ्गाआरती, विवाहपञ्चमी, रामनवमी, जानकी नवमी, झूलनोत्सव, दीपावली र छठजस्ता पर्वमा यहाँ लाखौँ श्रद्धालुको उपस्थिति रहने गर्दछ। जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोषण दास वैष्णवले जनकपुरधाम सम्पूर्ण हिन्दू समुदायको आस्थाको केन्द्र भएकाले यसको धार्मिक गरिमा, मौलिकता र सम्पदाको संरक्षणमा सबै पक्षले साझा जिम्मेवारी निर्वाह गर्नुपर्ने बताउनुभयो।

महन्त राम तपेश्वर दास वैष्णवले जनकपुरधाम धार्मिक आस्था मात्र नभई मिथिला सभ्यता, संस्कृति र आध्यात्मिक जीवनदर्शनको केन्द्र भएको बताउनुहुन्छ। धार्मिक पर्यटनलाई संस्कृति संरक्षणसँग जोडेर अघि बढाउनुपर्ने उहाँको धारणा छ। राम-जानकीसँग सम्बन्धित सम्पूर्ण धार्मिक स्थललाई एउटै धार्मिक पर्यटन मार्गका रुपमा विकास गर्न सके जनकपुरधाम विश्वस्तरीय गन्तव्य बन्नसक्ने सम्भावना रहेको छ।

जनकपुरधाम धार्मिक पर्यटनसँगै सांस्कृतिक पर्यटनको पनि महत्वपूर्ण केन्द्र हो। मिथिला चित्रकला, मैथिली भाषा, लोकसंस्कृति, परम्परागत वेशभूषा, स्थानीय परिकार तथा सांस्कृतिक सम्पदाले पर्यटकलाई आकर्षित गरिरहेका छन्। विशेषगरी मिथिला चित्रकलाले अन्तरराष्ट्रिय बजारमा समेत छुट्टै पहिचान बनाएको छ। जनकपुरधामको महत्व धार्मिक पर्यटनमा मात्र सीमित नरही मिथिला सभ्यता, इतिहास, भाषा, साहित्य र संस्कृतिसँग जोडिएको छ। यसको अन्तरराष्ट्रिय पहिचान स्थापित गर्न अनुसन्धान, अभिलेखीकरण र प्रभावकारी प्रचारप्रसार आवश्यक छ।

धार्मिक पर्यटनसँगै शैक्षिक तथा अनुसन्धान पर्यटनको विकासमा पनि जनकपुरधामको ठूलो सम्भावना रहेको छ। धार्मिक पर्यटनले स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पारेको छ। होटल, लज, रेष्टुरेन्ट, यातायात, धार्मिक सामग्री, हस्तकला, मिथिला चित्रकला, फूलमाला, प्रसाद, स्थानीय मिठाई तथा साना व्यवसाय धार्मिक पर्यटककै कारण फस्टाउँदै गर्दा हजारौँ स्थानीय नागरिकले प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी पाएका छन्।

जनकपुरधाम आउने पर्यटकको यकिन तथ्याङ्क उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयसँग छैन। उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेका अनुसार मन्त्रालयमा पर्यटक आगमनको एकीकृत र अद्यावधिक अभिलेख प्रणाली नहुँदा आधिकारिक तथ्याङ्क उपलब्ध गराउन कठिनाइ भएको छ। पर्यटकको यथार्थ तथ्याङ्क सङ्कलन, अभिलेखीकरण तथा पर्यटन व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाउने दिशामा मन्त्रालयले आवश्यक पहल गरिरहेको उहाँको भनाइ छ।

उद्योग वाणिज्य सङ्घ जनकपुरधामका अध्यक्ष सुरेन्द्र भण्डारीले धार्मिक पर्यटन स्थानीय व्यापार र सेवा क्षेत्रको मेरुदण्ड बनेको बताउनुभयो। गुणस्तरीय होटल, आधुनिक सुविधा र व्यवस्थित बजार विकास गर्नसके पर्यटकको बसाइ अवधि बढाउन सकिने उहाँको भनाइ छ।

सार्वजनिक-निजी साझेदारीमार्फत पर्यटन क्षेत्रमा लगानी विस्तार गर्नुपर्नेमा उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका सल्लाहकार मनिषरमण साहको जोड रहेको छ। धार्मिक पर्यटनलाई उद्योग, व्यापार, स्थानीय उत्पादन र रोजगारीसँग जोड्नसके मधेस प्रदेशको आर्थिक समृद्धिमा ठूलो योगदान पुग्ने उहाँको भनाइ छ।

विवाहपञ्चमी, रामनवमी, छठ, सीता नवमी तथा अन्य धार्मिक पर्वका बेला होटलहरूको 'अकुपेन्सी' उल्लेख्य रूपमा बढ्ने गरेको बताइन्छ। जनकपुरधाममा आउने स्वदेशी तथा विदेशी पर्यटकको बसाइ अवधि लम्ब्याउन गुणस्तरीय सेवा, पर्याप्त आवास, आधुनिक सुविधा र पर्यटनमैत्री वातावरण आवश्यक रहेको छ। जनकपुरधामलाई धार्मिक पर्यटनसँगै सांस्कृतिक तथा सम्मेलन पर्यटनको केन्द्रका रूपमा विकास गर्न सके होटल व्यवसायसहित समग्र स्थानीय अर्थतन्त्रले थप गति लिनेमा उहाँ विश्वस्त हुनुहुन्छ।

जनकपुरधाममा पार्किङ, सूचना केन्द्र, बहुभाषिक पर्यटक मार्गदर्शक, सरसफाइ, डिजिटल सूचना प्रणाली, हरियाली संरक्षण तथा आधुनिक पूर्वाधार विस्तारमा अझै काम गर्नुपर्ने आवश्यकता छ। धार्मिक सम्पदाको संरक्षणसँगै आधुनिक व्यवस्थापनलाई प्राथमिकता दिन सके जनकपुरधाम दक्षिण एसियाकै उत्कृष्ट धार्मिक पर्यटन गन्तव्य बन्न सक्नेछ। धार्मिक आस्था, मिथिला सभ्यता, ऐतिहासिक सम्पदा, सांस्कृतिक विविधता, स्थानीय आतिथ्य र बढ्दो पूर्वाधार विकासका कारण जनकपुरधाम नेपालको पर्यटन क्षेत्रको उज्ज्वल भविष्य बोकेको नगरीका रूपमा स्थापित हुँदै गएको छ।

धार्मिक पर्यटनलाई दिगो विकास, रोजगारी सिर्जना, सांस्कृतिक संरक्षण र आर्थिक समृद्धिसँग जोड्नसके जनकपुरधामले नेपालको पर्यटन क्षेत्रमा अझ महत्वपूर्ण योगदान पुऱ्याउनेछ। रासस

# अर्थसंग सम्बन्धित चार ऐन र एक नियमावली खारेज गर्नेगरी विधेयक संसद्मा दर्ता




काठमाण्डु । सरकारले आर्थिक क्षेत्रसँगसम्बन्धी विभिन्न चारवटा ऐन र एक नियमावली खारेज गर्नेगरी संसद्मा विधेयक दर्ता गरेको छ।

संघीय संसद् प्रतिनिधिसभामा असार २३ गते दर्ता भएको 'अर्थसम्बन्धी केही नेपाल कानुनलाई संशोधन र खारेज गर्न बनेको विधेयक, २०८३' ले विभिन्न कानुनी जटिलता, दोहोरोपनाको अन्त्य, संविधान तथा सङ्घीय शासन व्यवस्थाअनुकूल कानुनी सुधार, राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाउने तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यसहित केही कानुन खारेज र केही संशोधनको प्रक्रिया अघि बढाएको हो।

संविधानको मर्म र भावनाअनुकूल नभएका तथा वर्तमान सङ्घीय शासन संरचनाको सन्दर्भमा असान्दर्भिक देखिएका कानुनी तथा संस्थागत प्रावधान हटाउने, कानुनी दोहोरोपनाको अन्त्य गर्ने तथा कम समय र लागतमा प्रभावकारी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न आवश्यक भएकाले यो विधेयक संसद्मा दर्ता गरिएको अर्थ मन्त्रालयले जनाएको छ।

> विधेयकमा प्रादेशिक विकास योजनाहरू (कार्यान्वित गर्ने) ऐन, २०१३, नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन, २०१४, आय टिकट दस्तुर ऐन, २०१९, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२, वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ तथा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० खारेज गर्ने प्रस्ताव गरिएको छ ।

विधेयकमा प्रादेशिक विकास योजनाहरू (कार्यान्वित गर्ने) ऐन, २०१३, नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन, २०१४, आय टिकट दस्तुर ऐन, २०१९, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२, वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ तथा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० खारेज गर्ने प्रस्ताव गरिएको छ।

त्यस्तै, मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र भन्सार ऐन, २०८२ मा संशोधन गर्ने व्यवस्था विधेयकमा समावेश गरिएको छ। विधेयकले मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा नयाँ व्यवस्था थप गर्दै व्यावसायिक प्रयोजनका लागि मालसामान ढुवानी गर्ने सवारीसाधनलाई वेबमा आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था प्रस्ताव गरेको छ।

प्रस्तावित व्यवस्थाअनुसार कानुनबमोजिम दर्ता भएका ढुवानीका साधनबाट व्यावसायिक प्रयोजनका लागि मालसामान ढुवानी गर्दा त्यसको सम्पूर्ण विवरण वेबमा आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणाली मा प्रविष्ट गरेर मात्र ढुवानी गर्नुपर्नेछ।

विधेयकले नेपालमा दर्ता भएका वा दर्ता हुने सम्पूर्ण ढुवानी सवारीमा तोकिएको मापदण्डअनुसार भू-अवस्थिति देखाउने चालु अवस्थाको जिपीएस उपकरण जडान गर्नुपर्ने र त्यसको सिलसिलेवार नम्बर सम्बन्धित निकायमा दर्ता गर्नुपर्ने व्यवस्था पनि गरेको छ।

यद्यपि निश्चित क्षेत्रमा सञ्चालन हुने ढुवानी साधनलाई जिपीएस जडानबाट छुट दिन सकिने पनि विधेयकमा प्रस्ताव गरिएको छ।

अनलाइन प्रणालीमा विवरण प्रविष्ट नगर्ने, आवश्यक कागजात साथमा नराख्ने वा जिपीएस जडानसम्बन्धी व्यवस्था उल्लङ्घन गर्ने ढुवानी सवारीका धनी वा प्रयोगकर्तालाई कर अधिकृतले पहिलोपटक अधिकतम रु ५० हजार र त्यसपछि प्रत्येक पटक अधिकतम रु एक लाखसम्म जरिवाना गर्नसक्ने व्यवस्था विधेयकमा छ। विधेयकले आयकर ऐन, २०५८ मा महत्वपूर्ण संशोधन प्रस्ताव गरेको छ। ऐनको दफा २ मा 'गैरकर' को नयाँ परिभाषा थप गरिएको छ। प्रस्तावित व्यवस्थाअनुसार गैरकर भन्नाले प्रचलित कानुनबमोजिम लाग्ने शुल्क, दस्तुर, सेवा शुल्क, रोयल्टी, लाभांश, जरिवाना वा साँवा फिर्ता रकम जनाउनेछ। त्यस्तो रकममा लाग्ने ब्याजलाई गैरकरकै रूपमा परिभाषित गरिएको छ।

विधेयकले आयकर ऐनमा नयाँ दफा ७२ (क) थप गर्दै गैरकर निर्धारण तथा असुलीसम्बन्धी व्यवस्था प्रस्ताव गरेको छ। यस व्यवस्थाअनुसार प्रचलित कानुनबमोजिम तिर्नुपर्ने गैरकर नतिरेको वा नबुझाएको अवस्थामा नेपाल सरकारको निर्देशनको अधीनमा रही छानबिन तथा अनुसन्धान गरी गैरकर निर्धारण गर्न वा गराउन सक्नेछन्।

अनुसन्धानबाट थप गैरकर दायित्व कायम भएको पाइएमा शतप्रतिशत जरिवाना असुल गरिने प्रस्ताव गरिएको छ।

सरकारले प्रस्तुत गरेको उक्त विधेयक संसद्बाट पारित भई कार्यान्वयनमा आएपछि राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोग विस्तार हुने, ढुवानी प्रणालीको वास्तविक समयमै निगरानी गर्न सकिने, गैरकर असुलीलाई थप व्यवस्थित बनाउने तथा पुराना तथा असान्दर्भिक कानुनी व्यवस्थाहरू हटाएर सङ्घीय शासन प्रणाली अनुकूल कानुनी संरचना निर्माण हुने अपेक्षा गरिएको छ। रासस

# सहारा हेल्थ इन्सुरेन्समार्फत स्वास्थ्य बीमामा नागरिकको पहुँच विस्तार गर्दै इसेवा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको अग्रणी डिजिटल भुक्तानी सेवा प्रदायक कम्पनी इसेवाले शिखर इन्सुरेन्स बीमा कम्पनीसँगको सहकार्यमा 'सहारा हेल्थ इन्सुरेन्स' मार्फत नेपालीहरूको स्वास्थ्य बीमामा पहुँच विस्तार गर्दै गएको छ। यस बीमा योजनामार्फत इसेवाले निकै सुलभ दरमा सर्वसाधारणका लागि झन्झटमुक्त र भरपर्दो स्वास्थ्य बीमा उपलब्ध गराउँदै आएको छ।

मात्र रु. १,३९९ बाट सुरु हुने यस बीमा योजनाले स्वास्थ्य तथा दुर्घटनासम्बन्धी सुविधासहित रु. ६ लाखसम्मको बीमा सुरक्षा प्रदान गर्ने इसेवाले जनाएको छ। पूर्ण रूपमा डिजिटल माध्यममा आधारित यो बीमा योजना खरिद गर्नका लागि ग्राहकहरूले कुनै कागजी प्रक्रिया वा बीमा कम्पनीको कार्यालय धाइराख्नु पर्दैन। ग्राहकहरूले यो बीमा योजना इसेवा एपमार्फत केही मिनेटमै खरिद वा नवीकरण गर्न सक्ने छन्।

यस योजनाअन्तर्गत ग्राहकहरूले आफ्नो आवश्यकता र उमेरअनुसार रु. १ लाख, रु. २ लाख वा रु. ५ लाखसम्मको स्वास्थ्य बीमा योजना खरिद गर्न सक्ने छन्। बीमाले २४ घण्टा वा सोभन्दा बढी अवधिको अस्पताल भर्ना उपचार, २५ भन्दा बढी अस्पतालमा नगदरहित उपचार, १५० भन्दा बढी डेकेयर सेवा तथा अस्पताल भर्ना हुनुअघि र डिस्चार्जपछिका योग्य चिकित्सा खर्च समेट्छ। साथै, यस बीमामा रु. १ लाखसम्मको दुर्घटना बीमा पनि उपलब्ध छ।

५ देखि ६५ वर्ष उमेर समूहका व्यक्तिका लागि उपलब्ध यो योजना पूर्ण रूपमा डिजिटल माध्यममा आधारित छ। ग्राहकहरूले इसेवा एपको 'इन्सुरेन्स' सेक्सनबाट आवश्यक विवरण भरी आफ्नो वा आफ्नो परिवारको आवश्यकताअनुसारको कभरेज छनोट गरी इसेवामार्फत भुक्तानी गर्न सक्छन्। भुक्तानी सम्पन्न भएपछि बीमा पोलिसी तत्काल डिजिटल रूपमा उपलब्ध हुन्छ।




विभिन्न रोग, दुर्घटना तथा स्वास्थ्यसम्बन्धी जटिलताका कारण सिर्जना हुने आर्थिक भार कम गर्दै गुणस्तरीय स्वास्थ्य बीमामा सर्वसाधारणको पहुँच विस्तार गर्न सहारा हेल्थ इन्सुरेन्स प्रभावकारी माध्यम बनेको छ, इसेवाले जनाएको छ, सुलभ प्रिमियम, सहज डिजिटल प्रक्रिया र व्यापक कभरेजमार्फत हामी अझ धेरै नेपाली नागरिकसम्म स्वास्थ्य बीमाको पहुँच विस्तार गर्दै नागरिकको स्वास्थ्य तथा वित्तीय सुरक्षालाई सुदृढ बनाउन प्रतिबद्ध छौँ।

गत भदौदेखि सञ्चालनमा आएको यस बीमा योजनाबाट एक वर्षभन्दा कम समयावधिमै १०,००० भन्दा बढी ग्राहकहरू लाभान्वित भइसकेका छन्। डिजिटल माध्यमबाट बीमा सेवालाई सहज बनाउने उद्देश्यका साथ इसेवाले आफ्नो डिजिटल वित्तीय सेवाको दायरा निरन्तर विस्तार गर्दै आएको छ। बीमा सेवामा सर्वसाधारणको पहुँच अभिवृद्धि गर्न इसेवाले विभिन्न बीमा कम्पनीहरूसँगको सहकार्यमा अन्य थुप्रै बीमा योजनाहरू पनि उपलब्ध गराउँदै आएको छ।


## भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषा

## मोहीको हकदावि सम्बन्धी ३५पैतिस दिने सार्वजनिक सूचना

जि.धनुषा गा.वि.स.सपही वडा नं.३ हाल लक्ष्मीनिया गाउँपालिका वडा नं.४ मा बस्ने छटु साहको नाति लालधारी साहको छोरा सिताराम साहु तेली वादीको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा सपही गा.वि.स. वा.नं. नं.९ कि.नं.९१७ को ०-२-१५-० जग्गामा जिल्ला धनुषा गा.वि.स.सपही वडा नं.६ हाल लक्ष्मीनिया गाउँपालिका वडा नं.४ मा बस्ने जुडी साह सपही-६ को मोही रहे भएको निज मोहीको वेलगति मोही भएको उक्त जग्गा धनिको हैसियतले जग्गावालाले स्वंयम जोतभोग गरी आएकोले उल्लेखित कित्ता जग्गाको वेलगति मोही जुडी साह सपही-६को नाउँ कट्टा गरी पाउँ भन्ने दावी व्यहोराको फिरादी-पत्र यस कार्यालयमा पर्न आएकोमा कारवाहीको सिलसिलामा मिति २०८३/०३/२५ गतेमा मोही हकदावि सम्बन्धि ३५पैतिस दिने सार्वजनिक सूचना प्रकाशित गर्नु भनि भएको आदेशानुसार हकदावि सम्बन्धि यो ३५पैतिस दिने सार्वजनिक सूचना प्रकाशित हुने कार्य भएको छ। अतः फिरादी/ जग्गा धनीको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमको कित्ता जग्गाको मोही जिल्ला धनुषा साविक गा.वि.स.सपही वा.नं.६ उल्लेखित ठेगाना भएको जुडी साह मोही रहेकोमा मोहीको हक अपुताली खाने नजिकका हकदारहरुले वेलगति मोही लगत कट्टा नहुने कुनै कारण भए सो कारण सहीत यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५पैतिस दिन भित्र आफ्नो लिखित जबाफ/प्रतिउतर लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बैसेमा कानून बमोजिम तपसिलमा उल्लेखित कित्ता जग्गाको वेलगति मोही लगत कट्टा हुनेछ पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि यो ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**तपसिल**

| सि. नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | मोही |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | सपही | ९ | ९१७ | ०-२-१५ | जुडी साह सपही-६ |

# कोशीमा खतरा बढयो, राजमार्ग अवरुद्ध

टुडे समाचारदाता

जनकपुरधाम । गत दुई दिनदेखि भइरहेको झिसमिसे पानीले कोशी नदीमा पानीको बहाव खतराको तह नाघेको छ। सोमवार दिउंसो ५ बजेसम्म १ लाख ७३ हजार क्युसेक रहेको बहाव पुगेको जनाइएको छ।



बढ्दो बहावलाई नियन्त्रण गर्न कोशी ब्यारेजका ५६ मध्ये २२ वटा ढोका खोलिएको छ भने जोखिमको संकेतस्वरूप रातो झण्डा र रातो बत्तीसमेत बालिएको छ।

यसैबीच सम्भावित जोखिमलाई मध्यनजर गर्दै जिल्ला प्रहरी कार्यालय काभ्रेले बीपी राजमार्गको काभ्रे खण्डमा सवारीसाधनको आवागमन अस्थायी रूपमा रोकिएको जनाएको छ।

रोशी खोलाको जलाधार क्षेत्रमा निरन्तर वर्षा भइरहेकाले सडकमा आकस्मिक बाढी, कटान तथा अन्य जोखिम हुन सक्ने भन्दै राजमार्गमा सवारी आवागमन ' होल्ड' गरिएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय काभ्रेका प्रमुख एसपी रविन कार्कीका अनुसार सडक पूर्ण रूपमा सुरक्षित रहेको पुष्टि भएपछि अर्को सूचना जारी गर्दै सवारी आवागमन पुनः सञ्चालन गरिनेछ।

जल तथा मौसम विज्ञान विभागले आगामी तीन दिनसम्म देशका ३४ जिल्लाका साना नदी तथा खोलामा आकस्मिक बाढी आउन सक्ने पूर्वानुमान गरेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले नदी तथा खोला आसपासका बासिन्दालाई उच्च सतर्कता अपनाउन, अनावश्यक रूपमा नदी किनारमा नजान तथा स्थानीय प्रशासनको सूचनाको पालना गर्न आग्रह गरेको छ।

हाल बागमती र गण्डकी प्रदेशका अधिकांश स्थानमा तथा अन्य प्रदेशका केही स्थानमा वर्षा जारी रहेकाले बाढी, पहिरो र डुबानको जोखिम अझ बढ्न सक्ने मौसमविद्को चेतावनी छ।

महाशाखाका अनुसार हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ भने मनसुनको न्यूनचापीय रेखा औसत स्थानभन्दा केही माथि नेपालका तराई क्षेत्र नजिक अवस्थित छ। यसको प्रभावका कारण देशका अधिकांश स्थानमा बादल लागेको छ। अहिले कोशी, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका केही स्थान तथा मधेश र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ।

# जबरदस्तीकरणी मुद्दामा नगरप्रहरीलाई थप कैद सजाय र जरिवाना

टुडे समाचारदाता

जनकपुरधाम । धनुषा जिल्ला अदालतले १७ वर्षीया बालिकामाथि जबरजस्ती करणी गरेको अभियोगमा दोषी ठहरिएका जनकपुरधामउपमहानगरपालिकाका एक नगरप्रहरीलाई एचआईभी (एचआईभी) संक्रमित रहेको तथ्यसमेत प्रमाणित भएपछि कानुनले व्यवस्था गरेको थप सजायसहित १३ वर्ष कैदको फैसला गरेको छ।




जिल्ला न्यायाधीश कपिलमणी गौतमको इजलासले प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ अनुसार जबर जस्ती करणी कसूरमा ११ वर्ष कैद सुनाएको छ। साथै प्रतिवादी आफू एचआईभी संक्रमित रहेको जानकारी हुँदाहुँदै अपराध गरेको पुष्टि भएपछि थप दुई वर्ष कैद र २० हजार रुपैयाँ जरिवानाको सजाय निर्धारण गरिएको हो।

यो मुद्दामा अदालतले गत जेठ २५ गते प्रतिवादी २२ वर्षीय नगरप्रहरीलाई दोषी ठहर गरेको थियो भने जेठ २९ गते सजाय निर्धारण गरेको हो।

अदालतमा दर्ता भएको अभियोगअनुसार निजी विद्यालयबाट सर्टिफिकेट लिन जनकपुर आएकी १७ वर्षीया बालिकालाई प्रतिवादीले विभिन्न बहानामा फकाई आफ्ना साथीको दिदीको डेरा कोठामा लगेर जबरजस्ती करणी गरेको आरोप थियो। घटनापछि बालिकाको स्वास्थ्य अवस्था गम्भीर बनेपछि परिवारले कानुनी प्रक्रिया अघि बढाएका थिए।

अदालतको फैसलाअनुसार घटना हुनुभन्दा करिब १५ दिनअघि अस्पतालमा हजुर बुवाको उपचारका क्रममा पीडित र प्रतिवादीबीच चिनजान भएको थियो। प्रतिवादीले रिपोर्ट छिट्टै उपलब्ध गराइदिने भन्दै पीडितको मोबाइल नम्बर लिएको र त्यसपछि ह्वाट्सएपमार्फत निरन्तर संवाद हुँदै उनीहरूबीच निकटता बढेको देखिएको उल्लेख छ। पीडितले अनुसन्धानका क्रममा दिएको बयानमा घटनाभन्दा करिब चार दिनअघि सर्टिफिकेट लिन जनकपुर आएकी बेला प्रतिवादीले अजन्ता होटलमा लगेर डर, त्रास र धम्की देखाउँदै पटक-पटक इच्छा विपरीत जबरजस्ती करणी गरेको उल्लेख गरेकी छन्। कसैलाई जानकारी दिए आफ्नो अश्लील तस्बिर सार्वजनिक गरिदिने धम्कीसमेत दिएको उनले बयानमा बताएकी छन्।

त्यसपछि २०८१ असोज ८ गते प्रतिवादीले फेरि साथीको दिदीको कोठामा लगेर जबर जस्ती करणी गर्दा अत्यधिक रक्तश्राव भएको र आफू गम्भीर बिरामी बनेको पीडितको भनाइ अदालतले उद्धृत गरेको छ।

फैसलामा प्रतिवादी विदेश जान स्वास्थ्य परीक्षण गराउने क्रममा आफू एचआईभी संक्रमित रहेको जानकारी पाएको तथ्य उल्लेख गरिएको छ। प्रतिवादीले अनुसन्धानका क्रममा दिएको बयान, पीडितको बयान तथा स्वास्थ्य परीक्षण प्रतिवेदनबाट जबरजस्ती करणी भएको पुष्टि भएको अदालतको निष्कर्ष छ। प्रतिवादीले आफू एचआईभी पोजिटिभ रहेको तथ्य बयानमै स्वीकार गरेको पनि फैसलामा उल्लेख गरिएको छ।

अदालतले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (३)(घ) बमोजिम ११ वर्ष कैदका साथै पाँच लाख रुपैयाँ पीडित राहत कोषमा जम्मा गराउन आदेश दिएको छ। एचआईभी संक्रमित भएको जानकारी हुँदाहुँदै अपराध गरेकाले थप दुई वर्ष कैद र २० हजार रुपैयाँ जरिवाना पनि तोकिएको छ।

त्यसैगरी अदालतले पीडित राहत कोषमा जम्मा हुने पाँच लाख रुपैयाँबाहेक थप एक लाख रुपैयाँ क्षतिपूर्ति पनि प्रतिवादीबाट असुल गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ अनुसार पीडितलाई तत्काल उपलब्ध गराउन आदेश दिएको छ।

# पत्रकार शिवाकोटीको निधन



टुडे समाचारदाता

रौतहट। अन्नपूर्ण पोस्ट दैनिक पत्रिका रौतहट संवाददाता तथा नेपाल प्रेस युनियन रौतहटका अध्यक्ष ३६ वर्षिय प्रिमेश शिवाकोटीको निधन भएको छ।

चन्द्रपुर नगरपालिका-७ निवासी शिवाकोटी विगत केही समयदेखि मृगौलासम्बन्धी समस्याबाट पीडित थिए। उनको चितवनस्थित नेशनल मेडिकल कलेजमा उपचार भइरहेको थियो। उपचारकै क्रममा सोमबार बिहान उनको निधन भएको पारिवारिक स्रोतले जनाएको छ।

शिवाकोटी लामो समयदेखि पत्रकारितामा सक्रिय रहँदै रौतहटका विभिन्न समसामयिक विषय, सामाजिक सरोकार र जनचासोका समाचार सम्प्रेषण गर्दै आएका थिए। उनी नेपाल प्रेस युनियन रौतहटका अध्यक्षका रूपमा पनि क्रियाशील थिए।

उनको असामयिक निधनले रौतहटको सञ्चार क्षेत्रलाई ठूलो क्षति पुगेको भन्दै पत्रकार, सञ्चारकर्मी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले दुःख व्यक्त गरेका छन्। स्वर्गीय शिवाकोटीका श्रीमती र एक छोरी छन्।

# लागुऔषधविरुद्ध जनचेतनामूलक अभियान




टुडे समाचारदाता

वीरगञ्ज। वीरगञ्जमा नेपाल-भारत मैत्री युवा संघ, पर्सा नेपालले लागुऔषधविरुद्ध जनचेतनामूलक अभियान सम्पन्न गरेको छ।

संघका अध्यक्ष शैलेन्द्र प्रसाद यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाल-भारत मैत्री युवा संघका राष्ट्रिय अध्यक्ष महेन्द्र राय यादव प्रमुख अतिथिका रूपमा सहभागी भएको थियो।

कार्यक्रममा वक्ताहरूले लागुऔषध दुर्व्यसन समाजका लागि गम्भीर चुनौती बन्दै गएको उल्लेख गर्दै युवापुस्तालाई यसको जोखिमबाट जोगाउन परिवार, विद्यालय, समुदाय तथा सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए। उनीहरूले जनचेतनामूलक अभियानलाई निरन्तर सञ्चालन गर्दै युवामा सकारात्मक सोच र सामाजिक उत्तरदायित्वको भावना विकास गर्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री सुरेन्द्र प्रसाद चौधरी, भारतको महावाणिज्य दूतावास वीरगञ्जका प्रतिनिधि देवी सहाय मीना, मधेश प्रदेशका पूर्वमन्त्री जनार्दन सिंह क्षेत्रीलगायत विभिन्न सामाजिक, राजनीतिक तथा युवासम्बद्ध व्यक्तित्वहरूको सहभागिता रहेको थियो।

आयोजकका अनुसार अभियानको उद्देश्य युवामाझ लागुऔषधको दुष्प्रभावबारे सचेतना फैलाउनु, सामाजिक जिम्मेवारीप्रति जागरुक बनाउनु तथा स्वस्थ, सुरक्षित र सभ्य समाज निर्माणमा सबै पक्षको सहभागिता सुनिश्चित गर्नु हो।

कार्यक्रममा सहभागीहरूले यस्ता जनचेतनामूलक अभियानले समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गर्दै भविष्यमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याएका थिए।

# जनकपुरधामको बजेट २ अर्ब ६५ करोड

टुडे समाचारदाता

जनकपुरधाम । आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि जनकपुरधाम उपमहानगरपालिकाले २ अर्ब ६५ करोड २० लाख ३२ हजार रुपैयाँको बजेट ल्याएको छ।

नगरप्रमुख मनोजकुमार साहले आन्तरिक आय वृद्धि, पूर्वाधार विस्तार तथा शहरी उत्थानशीलता परियोजनालाई मुख्य प्राथमिकतामा राख्दै नगरसभामा बजेट प्रस्तुत गरेका हुन्।




प्रस्तुत बजेट अनुसार नेपाल सरकारबाट प्राप्त हुने ३० करोड ५९ लाख रुपैयाँ वित्तीय समानीकरण अनुदान, मधेश प्रदेश सरकारबाट प्राप्त हुने करिब २ करोड रुपैयाँ समानीकरण अनुदान, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, राजस्व बाँडफाँट, चालु आर्थिक वर्षको बचत रकम तथा अन्य स्रोतबाट बजेट व्यवस्थापन गरिने उल्लेख गरिएको छ।

साथै, उपमहानगरले आन्तरिक स्रोतबाट २० करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य पनि निर्धारण गरेको छ। नगरप्रमुख साहले आगामी आर्थिक वर्षको बजेटले नगरको समग्र विकासलाई गति दिने विश्वास व्यक्त गर्दै आधारभूत सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्य रहेको बताए।

बजेटमा नगर सरसफाइ, पर्यटन प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, खेलकुद, कृषि विकास, रोजगारी सिर्जना, सडक तथा अन्य भौतिक पूर्वाधार निर्माण, नगर सौन्दर्यीकरण र शहरी उत्थानशीलता परियोजनालाई विशेष प्राथमिकतामा राखिएको छ।

उपमहानगरपालिकाले आगामी वर्ष विकास निर्माणसँगै सेवा प्रवाहको गुणस्तर सुधार, आन्तरिक आयको दायरा विस्तार तथा दिगो शहरी विकासलाई केन्द्रमा राखेर कार्यक्रम सञ्चालन गरिने बताइएको छ।

# कष्टम हायरिङ सेन्टर सञ्चालन

टुडे समाचारदाता

जलेश्वर । महोत्तरीको भंगहा नगरपालिकामा कृषिको यान्त्रीकीकरणलाई प्रवर्द्धन गर्दै उत्पादन लागत घटाउने उद्देश्यले कष्टम हायरिङ सेन्टर सञ्चालनमा ल्याइएको छ।



आधुनिक कृषि उपकरण भाडामा उपलब्ध गराएर किसानलाई सहज सेवा दिने लक्ष्यसहित सेन्टर स्थापना गरिएको हो।

नेपाल सरकारको राष्ट्रिय गौरवको योजना अन्तर्गत सञ्चालित राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई धनुषाको ५० प्रतिशत अनुदान र कृषक समूहको ५० प्रतिशत लगानीमा ५८ लाख २३ हजार रुपैयाँको लागतमा सेन्टर स्थापना भएको जनाइएको छ।

सेन्टरको सञ्चालन भंगहा नगरपालिका-४ रामनगरस्थित २५ जना महिला आबद्ध रहेको पञ्चधुरा महिला कृषक समूहले गर्नेछ। समूहकी अध्यक्ष पुनिता कुमारी महतोका अनुसार सेन्टरबाट समूहका सदस्यहरूले करिब ५० बिघा खेतीयोग्य जमिनमा आधुनिक उपकरणमार्फत खेती गर्न सक्नेछन्। साथै, भंगहा नगरपालिकाका अन्य किसानलाई समेत सहुलियत दरमा कृषि उपकरण उपलब्ध गराइनेछ। वडाध्यक्ष गणेश कुमार महतोले कष्टम हायरिङ सेन्टरबाट सयौं बिघा जमिनमा आधुनिक प्रविधिबाट खेती गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्।

उनका अनुसार यसले खेतीपातीलाई समयमै सम्पन्न गर्न र उत्पादन वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्नेछ। परियोजनाका कृषि अधिकृत राकेश कुमार यादवले ग्रामीण क्षेत्रमा कृषि मजदुरको अभाव र वैदेशिक रोजगारीका कारण खेतीपाती प्रभावित भइरहेका बेला यस्ता कृषि उपकरणले किसानको समय, श्रम र उत्पादन लागत उल्लेखनीय रूपमा घटाउने बताए।

परियोजनाका प्रमुख रामसोगारथ साहका अनुसार सेन्टरमा दुईवटा ट्र्याक्टर, दुई थ्रेसर, दुई रोटाभेटर, दुई रिपर, ट्र्याक्टरबाट सञ्चालन हुने दुई चाफ कटर, एक लेभलर, दुई कल्टिभेटर र एक टिलर उपलब्ध छन्। आवश्यकताअनुसार किसानले यी उपकरण भाडामा लिएर प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ।

उद्घाटन कार्यक्रममा मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. सजय कुमार यादवले कृषि क्षेत्रको आधुनिकीकरणका लागि कष्टम हायरिङ सेन्टर प्रभावकारी माध्यम रहेको भने।

# उद्योग मन्त्री यादवलाई पक्राउ गर्न प्रम बालेनको निर्देशन

टुडे समाचारदाता

काठमाण्डू। संघीय सरकारका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवलाई पक्राउ गर्न प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) ले आदेश दिएको खुलासा भएको छ। पेट्रोलियम पदार्थको मूल्य आफूखुसी घटाएको र त्यससम्बन्धी सूचना चुहाएको आशंकामा प्रधानमन्त्री शाहले उद्योगमन्त्री यादवलाई तत्कालै थुनेर सोधपुछ गर्न नेपाल प्रहरीका महानिरीक्षक (आइजीपी) दानबहादुर कार्कीलाई निर्देशन दिएको बुझिएको छ।



अनियमितता गरेको आशंका लागे स्पष्टीकरण लिने वा पदबाट बर्खास्त गर्ने अभ्यास विपरीत प्रधानमन्त्री शाहले आफ्नै मन्त्रीलाई पक्राउ गर्न सिधै आइजीपीलाई निर्देशन दिएको कुरा बाहिरिएपछि चर्चाको विषय बनेको छ।

पेट्रोलियम पदार्थको मूल्य घटाउने सम्बन्धी सूचना चुहाएको आशंकामा त्यसदिन नेपाल प्रहरीका साथै राष्ट्रिय अनुसन्धान विभागलाई पनि मन्त्री यादवको अवस्थाबारे बुझ्न भनिएको थियो। भ्रष्टाचारविरुद्ध कठोर शासन चलाइरहेका प्रधानमन्त्री शाहले पछिल्लो समय नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुखसँग सिधा सम्पर्क गर्दै आएको श्रोतको भनाई छ।

घटनाबारे राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केही नेताहरू र सुरक्षा अधिकारीहरूका अनुसार प्रधानमन्त्री शाहले राति सिधै फोन गरेर सांसदसमेत रहेकी बहालवाला मन्त्रीलाई तत्कालै पक्राउ गर्न आदेश दिएपछि आईजीपी कार्की आत्तिएका थिए।

'असार १६ गते राति साढे १० बजेतिर प्रधानमन्त्रीको फोन आयो। आईजीसाप रनभुल्लमा पर्नुभयो। यस्तो आदेश आयो भनेर सुरुमा उनले संगठनको उच्च तहमा छलफल गरे। त्यसपछि तत्काल पक्राउ नगरी मन्त्रीलाई निगरानीमा मात्र राखिराख्ने कुरा भयो। त्यही अनुसार उनको निवासमा रातिबाटै निगरानी बढाएका थियौं,' ती अधिकारीको भनाई छ।

मन्त्री यादवले सरकारी निवास पाएकी छैनन्। त्यसैले निजी निवास सिनामंगलमा बसिरहेकी मन्त्री यादवमाथि प्रहरीले निगरानी बढाएको थियो। पक्राउ गर्न प्रयोग गरिने साइरनसहितको भ्यानसहित प्रहरीको टोली मन्त्री निवास सिनामंगल पुगेको थियो। मध्यराति प्रहरीको टोलीले घर घेरेपछि मन्त्री यादव र उनको परिवार आत्तिएका थिए। मन्त्री यादवले तत्कालै पार्टी सभापति रवि लामिछानेलाई फोन गरी जानकारी गराईन।

ती प्रहरी अधिकारीका अनुसार बहालवाला मन्त्री पक्राउ गर्न प्रधानमन्त्री शाहले दिएको आदेशबारे आईजीपी कार्कीले सभापति रवि लामिछानेलाई जानकारी गराएका थिए। रवि र बालेन दुवै निकट रास्वपाका एक नेताका अनुसार टेलिफोन संवादमा सभापति लामिछाने र आईजीपी कार्की बहालवाला मन्त्री यादवलाई पक्राउ गर्ने प्रधानमन्त्री शाहको आदेश कार्यान्वयन गर्न नहुने कुरामा एकमत भए। त्यसपछि आईजीपी कार्कीले सांसदलाई पक्राउ गर्न संसद् सचिवालयको सहमति लिनुपर्ने भनेर सो आदेश टार्न सकिने जुक्ति निकाले।

यता प्रधानमन्त्री शाहको आदेशबारे आईजीपी कार्कीले गृहमन्त्री सुधन गुरुङसँग पनि परामर्श गरेका थिए। गृहमन्त्री गुरुङले पनि मन्त्री यादवलाई पक्राउ नै गर्ने जोखिम आफूले मोल्न नसक्ने जनाउ दिएपछि प्रधानमन्त्री शाहको आदेश कार्यान्वयन नभएको गृह मन्त्रालयका एक उच्च अधिकारीको भनाइ छ।

सभापति लामिछाने र गृहमन्त्री सुधन गुरुङबाट साथ पाएपछि आईजीपी कार्कीले प्रधानमन्त्री शाहलाई सांसद समेत रहेकी बहालवाला मन्त्री गिरफ्तार गर्न संसद् सचिवालयको पत्र चाहिने बताएका थिए। आईजीपी कार्कीले सबै प्रक्रिया सुनाएपछि प्रधानमन्त्री शाह आफ्नो अडानबाट ब्याक भएको ती प्रहरी अधिकारीको भनाई छ।

प्रधानमन्त्रीको आदेशबाट उत्पन्न हलचल साम्य भएपछि आईजीपी कार्की यही असार २३ र २४ गते आयोजित पाँचौं युनाइटेड नेसन्स चिफ्स अफ पुलिस समिट (यूएनसीओपीएस) मा सहभागी हुन असार २१ मा न्युयोर्क प्रस्थान गरेका थिए।

यसअघि निवर्तमान श्रममन्त्री दीपक साहलाई हटाउन हतार गरिएको निष्कर्ष रास्वपाले निकालेको थियो। त्यसपछि रास्वपा सभापति लामिछानेले मन्त्रीमाथि प्रश्न उठाएर हटाउँदै जाँदा राम्रो सन्देश नजाने भन्दै प्रधानमन्त्री शाहलाई सचेत गराएको रास्वपाका नेताहरू बताउँछन्

# जलेश्वर कारागारबाट फरार सर्लाहीमा पक्राउ




टुडे समाचारदाता

मलंगवा । महोत्तरीको जलेश्वर कारागारबाट फरार भएका डाका मुद्दाका एक कैदीलाई सर्लाही प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा सर्लाहीको लालबन्दी नगरपालिका-२ पुनर्वास टोल निवासी ३८ वर्षीय विजेन्द्र कुमार पासवान रहेको जनाइएको छ।

उनी गत भदौ २३ र २४ गते भएको आन्दोलनका क्रममा जलेश्वर कारागारबाट फरार भएका थिए। जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार इलाका प्रहरी कार्यालय नवलपुरबाट खटिएको प्रहरी टोलीले गोप्य सूचनाका आधारमा लालबन्दी नगरपालिका-२ को जुटपानी-पुनर्वास भित्री सडक खण्डबाट पासवानलाई पक्राउ गरेको हो।

डाका मुद्दामा दोषी ठहर भई जलेश्वर कारागारमा कैद भुक्तान गरिरहेका पासवान आन्दोलनको अवसर पारेर कारागारबाट फरार भएका थिए। फरार भएपछि उनी लामो समयदेखि प्रहरीको खोजी सूचीमा रहेका थिए।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले पक्राउ परेका पासवानलाई आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अगाडि बढाउन हाल इलाका प्रहरी कार्यालय लालबन्दीमा राखिएको जानकारी दिए। प्रहरीले फरार अभियुक्त तथा कैदीहरूको खोजी अभियानलाई निरन्तरता दिँदै आएको जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८